# स्थानीय कृषि उपज बिक्री केन्द्र स्थापना कार्यक्रम संचालन मापदण्ड, २०७७

**प्रस्तावनाः** कृषकबाट उत्पादनहुने कृषि उपजहरुको बिक्री वितरण कार्य स्थानीयस्तरमा संचालन गरी कृषि बजारसँगको पहुँचलाई सहज र सरल बनाई व्यवसायिक कृषिमा संलग्न कृषकलाई प्रोत्साहन गर्ने उद्देश्यका साथ स्थानीय कृषि उपज बिक्री केन्द्र स्थापना कार्यक्रम संचालन गर्न "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७ को दफा ४० ले दिएको अधिकार प्रयोग गरी भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेशले यो मापदण्ड बनाएको छ।

## १. प्राविधिक पक्ष

क) यो कार्यक्रम व्यवसायिक रुपमा कृषि उपज उत्पादन हुने क्षेत्रमा वा आसपासको पायक पर्ने स्थानमा संचालन हुनुपर्नेछ।

ख) जिल्ला सदरमुकाम बाहेकका बजार क्षेत्र, यातायातका साधनहरु नियमित चल्ने सडकको छेउछाउ, स्थानीय तह रहेको केन्द्रमा यो कार्यक्रम संचालन गर्नुपर्नेछ।

ग) कृषि उपज बिक्री केन्द्र स्थापनाका लागि न्यूनतम ०.५ रोपनी क्षेत्रफल भएको जग्गा हुनु पर्नेछ।

घ) विगतका वर्षहरुमा स्थापना भई संचालन हुन नसकेका कृषि उपज संकलन केन्द्रलाई समेत सुधार गरी संचालनमा ल्याउन यो कार्यक्रम कार्यान्वयन गर्न सकिनेछ ।

ङ) कृषि उपज बिक्री केन्द्रको प्रस्ताव तयार गर्दा निर्माणमा साझेदार गर्ने संस्थाको नाम र ठेगाना, निर्माण स्थल, जग्गाको क्षेत्रफल, वार्षिक हुने अनुमानित कारोबार र लाभान्वित हुने कृषकहरु तथा उपभोक्ता आदिलाई समेटेर तयार गर्नुपर्दछ ।

च) यो कार्यक्रम कृषि सहकारी वा कृषक समूहसँगको साझेदारीमा संचालन हुनेछ।

## २. आर्थिक पक्ष

स्वीकृत वार्षिक बजेटको परिधिभित्र रही देहायका कार्यहरुमध्ये कुनै एक वा एक भन्दा वढी कार्यका लागि कुल लागतको बढीमा ९० प्रतिशतसम्म अनुदान सहयोग उपलब्ध गराउन सकिनेछ।

क) विक्री कक्ष निर्माण, कम्पाउण्ड वाल तथा तारबार

ख) भण्डारण कोठा निर्माण

ग) तराजु, प्लाष्टीक क्रेट खरिद।

## ३. मूल्याङ्कनका आधारहरुः

| क्र.सं. | मूल्याङ्कनका आधारहरु | अंकभार |
|---|---|---|
| **१.** | **विक्री केन्द्र निर्माण स्थलमा आवश्यक पूर्वाधारको उपलब्धता** | **१०** |
| क | सडक र बिजुलीको सुविधा भएको | १० |
| ख | सडक सुविधा पुर्याउन सकिने | ५ |
| **२.** | **निर्माण स्थलको जग्गा** | **१०** |
| क | १ रोपनी भन्दा बढी जग्गा आफ्नै स्वामित्वमा भएको | १० |
| ख | ०.५-१ रोपनी जग्गा आफ्नै स्वामित्वमा भएको | ९ |
| ग | १ रोपनी भन्दा बढी जग्गा कम्तिमा १० बर्षका लागि लिजमा लिईएको | ७ |
| घ | ०.५-१ रोपनी जग्गा कम्तिमा १० बर्षका लागि लिजमा लिईएको | ६ |
| **३.** | **बिक्री केन्द्र नजिक वा आसपासमा कृषि उपजको व्यवसायिकता** | **३०** |
| क | मासिक ३० मे.टन भन्दा बढी संकलन हुने | ३० |
| ख | मासिक १०- ३० मे.टन संकलन हुने | २० |
| ग | मासिक १० मे.टन भन्दा कम संकलन हुने | १० |
| **४.** | **कृषि उपज संकलन हुन सक्ने अवस्था** | **१५** |
| क | वर्षभरी नियमित संकलन हुने | १५ |
| ख | ६-८ महिना संकलन हुने | १० |
| ग | न्यून मात्रामा संचय हुन सक्ने देखिएको | ५ |
| **५.** | **लाभान्वित कृषक घरधुरी** | **१५** |
| क | २० भन्दा बढी कृषक घरधुरी | १५ |
| ख | १०-२० कृषक घरधुरी | १० |
| ग | १० भन्दा कम कृषक घरधुरी | ५ |
| ६. | **अनुदानग्राहीको साझेदारी प्रतिशत** | १० |
| क | कुल लागतको १० प्रतिशत भएमा पाँच अंक र थप प्रति ५ प्रतिशत लागतको लागि १ अंकका दरले थप गरी अधिकतम १० अंक प्रदान गर्ने। | १० |
|  | **जम्मा** | **९०** |

## ४. प्रस्तावसँग संलग्न गर्नुपर्ने कागजातहरुः

क) "बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी एकीकृत कार्यविधि, २०७७" को दफा १६ को उपदफा ३ बमोजिमका कागजपत्रहरु

ख) समूह/सहकारीको बैठक निर्णय प्रतिलिपि,

ग) प्रस्तावित निर्माण स्थलको जग्गाधनी पुर्जाको प्रतिलिपि र जग्गा करारमा लिई कार्यक्रम संचालन गर्नेको हकमा न्यूनतम १० बर्षको लागि प्रचलित कानून बमोजिम भएको करार सम्झौताको प्रतिलिपि।

## ५. प्रस्तावको ढाँचाः

### क. आवेदकको संक्षिप्त परिचय

| | |
|---|---|
| आवेदक संस्थाको नामः | ठेगानाः |
| कार्यक्रम संचालन गरिने स्थानको ठेगानाः | प्रोपाईट/अध्यक्षको नामः<br>सम्पर्क नः |
| सम्पर्क व्यक्तिः<br>सम्पर्क नं | संलग्न हुने कृषक घरधुरी संख्याः |

### ख. पूर्वाधारको अवस्था

- निर्माण स्थलको क्षेत्रफल ...............:
- विद्युत र पानीको आपूर्ति कसरी गरिनेछ, उल्लेख गर्नुहोस् ।
- निर्माण स्थलमा सडकको सुविधा :मुख्य सडकको नाम................. मुख्य सडक र निर्माण स्थल जोड्ने सडक/बाटोको नाम........... र मुख्य सडकबाटको दुरी..............कि.मि. र सडक/बाटोको किसिम..............

### ग. निर्माण गरिने कृषि उपज बिक्रीकेन्द्र स्थलमा संकलन तथा विक्रिवितरण हुने कृषि उपज सम्बन्धी विवरण

| क.सं. | संकलन हुने कृषि उपजको नाम | परिमाण | उपज उत्पादन हुने क्षेत्र | संकलन हुने महिना | कैफियत |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| | | | | | |
| | | | | | |
| | | | | | |

वार्षिक कारोबार परिमाण :                                   वार्षिक कारोबार :(रकममा)

**घ. संचालन हुने क्रियाकलापहरु**

| क्र.सं. | | क्रियाकलाप विवरण | एकाइ | परिमाण | दर | जम्मा लागत | कार्यालयको अनुदान | प्रस्तावकको साझेदारी रकम |
|---|---|---|---|---|---|---|---|---|
| क. | | लागत साझेदारीमा संचालन हुने | | | | | | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ख. | | आफ्नै लगानीमा संचालन हुने | | | | | | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| | | जम्मा | | | | | | |

ङ. माग गरेको जम्मा अनुदान रकमः

च. प्रस्तावकले व्यहोर्ने रकमको स्रोतहरुः

छ. प्रत्यक्ष लाभान्वित कृषक घरधुरीः

ज. रोजगारी सिर्जनाः

झ. व्यवसायिक योजनाः

- नविनतम सोच (व्यवसाय सम्बन्धी कुनै नयाँ सोच/प्रविधि अपनाउने भए उल्लेख गर्नुहोस्)

- कृषि उपजको बजारीकरण कहाँ र कसरी गर्नुहुन्छ?

ञ. अन्य बिषय केही भए उल्लेख गर्नुहोस् ।